# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ २९ गते २०५५ साल (संख्या २२

## भाग ३

### श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४७, संख्या १५, मिति २०५४।४।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाद्वारा तोकिएको कञ्चनजङ्घा संरक्षण क्षेत्रको सिमाना देहायबमोजिम हेरफेर गरेको छ ।

पूर्व:– नेपाल–भारतबीचको अन्तर्राष्ट्रिय सिमाना ।

पश्चिम:– संखुवासभा जिल्लाको पूर्व उत्तरमा अवस्थित नेपाल–चीनबीच रहेको अन्तर्राष्ट्रिय सिमानाको ५५९९ मिटरको पहाडी श्रृङ्खलाको टुप्पोबाट शुरु भई दक्षिणतर्फ लागी संखुवासभा जिल्ला र ताप्लेजुङ जिल्लाको सिमाना हुँदै घिङगासा खोलाको मुहान ५३८४ मिटरको पहाडी श्रृङ्खलासम्म । त्यहाँबाट दक्षिणतर्फ लागी उत्तर तमोर नदीको पानीढलो हुँदै ४६८५ मिटर उचाइको डाँडाको टुप्पासम्म । पुन: त्यहाँबाट दक्षिणतर्फ लागी ४२४० मिटर उचाइको डाँडाको टुप्पासम्म । त्यहाँबाट पूर्व लागी २४२१ मिटर उचाइको रमिते डाँडा हुँदै दक्षिणतर्फ लागी मुरिङला खर्कलाई भित्र पारी त्यहाँबाट पूर्व लागी समायु खोल्साको पानीढलोलाई भित्र पारी तामोर नदीसम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्तर:– नेपाल–चीनबीचको अन्तर्राष्ट्रिय सिमाना ।

दक्षिण:– तमोर नदी समातेर दक्षिण लागी थिवाखोलासम्म । त्यहाँबाट पूर्व लागी खाएपुङ्पा खोल्सा हुँदै गौंथले भीरको टुप्पासम्म । त्यहाँबाट डाँडै-डाँडा देउरालीचोक हुँदै ३७९० मिटर उचाइमा अवस्थित पाथीभरा देवीको मन्दिरलाई भित्र पारी त्यहाँबाट पुनः डाँडै-डाँडा उत्तर लागी जोरपोखरीलाई भित्र पारी फूलबारी भञ्ज्याङको पानीढलो ३२०० मिटर उचाइको हर्कटे डाँडा हुँदै ३९०३ मिटर उचाइको सुनपाते डाँडासम्म । सुनपाते डाँडाबाट पूर्व–उत्तर लागी सम्बवा–देउरालीसम्म । त्यहाँबाट पूर्व–दक्षिण लागी ३६३६ मिटर उचाइको हलपाते डाँडा हुँदै सुके खोलाको पानीढलोलाई भित्र पारी कावेली खोलासम्म । त्यहाँबाट कावेली खोला समातेर उत्तर लागी राते खोल्सासम्म । राते खोल्साबाट उत्तर लागी भूसपाते डाँडा, तिउरे भञ्ज्याङ र नयाँ ओडारको पानीढलोलाई भित्र पारी छाहारे–छिम्बाक हुँदै ४५१४ मिटर उचाइको पहाडी श्रृङखलादेखि खाङला भञ्ज्याङ जोडिएको नेपाल–भारतबीचको अन्तर्राष्ट्रिय सिमानासम्म ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव

१५५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।४।२१ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका रा. प. विशिष्ठ श्रेणीका अधिकृत श्री दानबहादुर शाहीलाई लोक सेवा आयोगको सचिव पदमा सरुवा गरिएको छ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०५५।४।२१ को निर्णयानुसार नेपाल न्याय सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई विशिष्ठ श्रेणीको पदमा बढुवा गरी देहायबमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री बद्रीकुमार बस्नेत, रा. प. प्रथम श्रेणी, कानून तथा न्याय मन्त्रालय, हाल का. मु. रजिष्ट्रार, सर्वोच्च अदालत। | रजिष्ट्रार, सर्वोच्च अदालत। |
| २. | सुश्री शारदा बज्राचार्य, सरकारी अधिवक्ता, हाल का. मु. वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। | वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। |
| ३. | श्री नरेन्द्रकुमार श्रेष्ठ, सरकारी अधिवक्ता पु. स. व. का. इलाम, हाल का. मु. वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। | वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. श्री कृष्णराम श्रेष्ठ, सरकारी अधिवक्ता, हाल का.मु. वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय । — वरिष्ठ सरकारी अधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

५. श्री उदयनेपाली श्रेष्ठ, सह-सचिव, हाल का.मु. विशेष सचिव, कानून तथा न्याय मन्त्रालय । — विशेष सचिव, कानून तथा न्याय मन्त्रालय ।

६. श्री विनोदकुमार देवकोटा, सह-सचिव, कानून तथा न्याय मन्त्रालय — सचिव, नेपाल कानून सुधार आयोग ।

## सूचना २

श्री ५ को सरकारको मिति २०५५।४।२१ को निर्णयानुसार नेपाल न्याय सेवा, कानून समूह, रा. प. प्रथम श्रेणीका नेपाल कानून सुधार आयोगका सह-सचिव श्री प्रमोदकुमार कार्कीलाई अर्थ मन्त्रालयको सह-सचिव पदमा सरुवा गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारको मिति २०५५।२।२८ को निर्णयानुसार नेपाल न्याय सेवाअन्तर्गत न्याय समूह र सरकारी वकिल समूहमा राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) का रिक्त ११ पदमा अन्तर सेवा प्रतिस्पर्धात्मक परीक्षामा सफल हुनुभएका देहायका अधिकृतहरूलाई देहायबमोजिमको पद र कार्यालयमा बढुवा पदस्थापन गरिएको छ ।

### न्याय समूह

| नाम, थर तथा हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| श्री तीलप्रसाद श्रेष्ठ, उप-सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, बुटवल। | रजिष्ट्रार, पुनरावेदन अदालत, हेटौंडा। |

### सरकारी वकिल समूह

| नाम, थर तथा हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| श्री केदारप्रसाद पौडेल, उप-सरकारी अधिवक्ता, कर विभाग। | सरकारी अधिवक्ता, पुनरावेदन सरकारी वकिल कार्यालय, दीपायल। |

१५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।